Canada

Centre for International Studies and Cooperation (CECI) Nepal
Sustainable Use of Technology for Public Sector Accountability in Nepal (SUSASAN)

cecl CHANGES LIVES

# Thematic Guidebook

# नागरिक संलग्नता

## (Citizen Engagement)

### १. नागरिक संलग्नताको अर्थ:

नागरिकहरुको जीवनमा प्रभाव पार्ने निर्णय र कृयाकलापहरुमा उनीहरुको भनाई रहनुपर्छ भन्ने नागरिकहरुको आधिकारलाई मान्यता दिएर अपनाइने प्रकृयालाई नागरिक संलग्नता भनिन्छ। सरकार र नागरिक बीचको अन्तरकृया परम्परागत प्रणाली जस्तै नागरिक/सार्वजनिक सूचना र सार्वजनिक छलफल  भन्दा पृथक गरी नागरिक र सरकार बीच आपसि सम्मान र शक्ति र सूचनाको आदान प्रदान हुनु पर्छ भन्ने सोचबाट यसको शुरुवात भएको हो। नागरिक संलगनता नागरिक र सरकार बीच हुने दोहोरो अन्तर कृयात्मक प्रकृया हो जसले नागरिकको सहभागिता तथा स्वस्थ्य विचारको आदान प्रदान हुन्छ।

### २. नागरिक संग्लनताको परिधि:

नीति निर्माण गर्न पहिल्याइएका एजेण्डाबाट सुरु भई नीति चक्र (एजेण्डा निर्माणदेखि अनुगमन र मूल्याङ्कन) का सबै तहमा नागरिकहरुको मूल्य मान्यता र प्राथमिकता प्रतिबिम्वित हुनुपर्छ भन्ने सोचको यसले वकालत गर्छ।



Source: www.google.com

### ३. नागरिक संलग्नताको प्रभाव :

- समाजको जटिल सवालहरुमा नागरिकहरुको बुझाई र त्यसप्रति उत्तरदायपना बृद्धि गर्दछ।
- नीति निर्माताहरुले नागरिकको चाहना र प्राथमिकता बुझ्न सक्दछन्।
- नीति निर्माताहरु उचित निर्णय लिन सक्छन र त्यसको सामाजिक नैतिक प्रभावहरु थाहा पाउन सक्दछ।
- सार्वजनिक निर्णयको वैधानिकता बृद्धि हुन जान्छ।

### ४. नागरिक संलग्नताको उपयोग:

- नागरिक संलग्नता केन्द्रदेखि स्थानीय सरकारसम्म उपयोग गर्न सकिन्छ।
- विशेष गरी यसको प्रयोग स्थानीय सरकारको बजेट निर्माण, सेवा प्रवाह, सार्वजनिक खर्च व्यवस्थापन र आयोजना/कार्यक्रम व्यवस्थापन र अनुगमनमा बढि भएको देख्दछौ।
- यसले सार्वजनिक सेवा सरल र त्रुटिहिन बनाउन, सार्वजनिक खर्चको प्रभावकारिता बृद्धि गर्न, सार्वजनिक पदमा रहेका व्यक्तिहरु तथा संस्थाहरु सार्वजनिक श्रोतको बाँड फाँडमा जवाफदेहिता स्थापना गर्ने उपयुक्त वातावरण यसले सृजना गर्दछ।

## ५. नागरिक संलग्नताका लागि सरकारको भूमिका:

नागरिहरुको संग्लनता अभिवृद्वि गर्न सरकारले निम्न दुई पक्षमा ध्यान दिनुपर्ने हुन्छ ।

क. समर्थकारी/योग्यकारी वातावरण तयार गरिदिनु :
नागरिक संलग्नताको कुनै पनि प्रभावित नागरिक संग्लनताको लागि बहिस्कृत हुन नजाओस् भनेर सरकार सतर्क र सचेत हुनुपर्दछ । त्यस्ता प्रावधानहरुलाई हटाउनु वा निर्मूल पार्नु पर्दछ । जस्तैः उमेर, युवा, निरक्षर आदि कारणबाट संग्लनता विमुख बनाउन हुँदैन । विशेषगरी महिला तथा सिमान्तकृत समुदायलाई संगठित गर्न, शीप तथा क्षमता विकास गर्न र परिचालन गर्न पहल गर्नुपर्छ ।

ख. संलग्नताका नियम निर्माण:
संलग्नतामा सहभागिहरुबाट अर्थपूर्ण तरिकाबाट योगदान दिन सक्ने तरिकाबाट नागरिकहरु संलग्न गराउन सकिने स्थान तथा क्षेत्रहरु पहिचान गरि आवश्यक नीति नियम र प्रकृया निर्माण गर्नुपर्दछ ।

| नागरिक संलग्नता | नागरिक संलग्नता नरहने |
|---|---|
| व्यक्तिगत रुपमा नागरिकहरुलाई नीति चक्रमा संलग्न गर्नु | सरोकारवालाहरुको प्रतिनिधिलाई मात्र समावेश गर्नु |
| पटक पटक नागरिक र सरकार बीच दोहोरो अन्तरकृया र सम्वाद हुनु | निर्णय गर्ने अधिकार सम्पन्न नभएका व्यक्तिहरुको बैठक |
| निर्णय गर्ने अधिकारको बाँडफाँड र निर्णय प्रति उत्तरदायी | नीति निर्माणको अन्तिम अवस्थामा मात्र नागरिकहरुको सहभागी (So called) |
| पारदर्शि | सार्वजनिक सुझाव उत्तरदायी पूरा गर्ने तरिका |
| आपसि सम्मान | सार्वजनिक विचार मत तथा समूह छलफल |


नागरिक संलग्नताले नागरिक मैत्री सार्वजनिक नीतिहरु निर्माण भई सार्वजनिक सेवालाई सरल र त्रुटिहिन बनाउन, सार्वजनिक खर्चको प्रभावकारिता वृद्धि गर्न, सार्वजनिक पदमा रहेका व्यक्तिहरु तथा संस्थाहरु सार्वजनिक श्रोतको बाँडफाँडमा जवाफदेहिता स्थापना गर्ने उपयुक्त वातावरण सृजना गर्दछ । स्थानीय कानुन, नीति तथा कार्यक्रम र बजेट निर्माणको प्रकृया विधायक/निर्वाचित जनप्रतिनिधि वा प्रशासनको मात्र काम हो, यो एक प्राविधिक कार्य हो भनेर मात्र सोच्नु हुँदैन । जसलाई लक्षित गरेर कानुन, नीति, कार्यक्रम र बजेट निर्माण गरिन्छ उनीहरुलाई नै संलग्न गराउँदा यसमा नागरिकहरुको अपनत्व बढ्छ र कार्यान्वयनमा प्रभावकारी हुन्छ ।

सामान्य नागरिकहरु आफ्नो आवाज, भनाई र भोगाइ सरकारको नीति तथा बजेटमा प्रतिम्बिबित हुँदैनन् भन्ने भनाई राख्दछन् । साथै विशेषज्ञहरुबाट उनीहरुको भावना र मान्यता सही र उपयुक्त तालिकाबाट राख्न सक्दैनन् भन्ने महशुस गर्दछन् । यस अवस्थामा आफूलाई सरकारको वृत्त र प्रणालीबाट बहिस्कृत भएको ठान्दछन् । यसले समाजमा एक प्रकारको खाडल स्थापना गर्दछ। यसै सिलसिलामा विगत २ दशकदेखि नागरिक समाज संस्थाहरुको सक्रियतामा स्थानीय वित्तिय श्रोतहरुको परिचालन र वजेट निर्माणमा स्थानीय व्यक्तिहरुको सहभागिता र संपरीक्षण बढ्दै गएको पाउँछौं । यसरी स्थानीय तहको कार्यक्रम निर्माण र कार्यान्वयनमा नागरिक संलग्नता र सहभागिता बृद्धि हुँदा स्थानीय सवालहरु नीति निर्माण तहसम्म पुग्न सक्ने र स्थानीय प्राथमिकता अनुरुप श्रोतको वितरण र बाँडफाँड सम्म प्रभाव पुग्न सक्ने हुन्छ र त्यसबाट बजेट निर्माण प्रकृयामा ध्यान आकर्षण गर्न सक्छ ।



## ६. नागरिक संग्लनता अभ्यासका मूल मान्यताहरुः

नागरिक संग्लनताका लागि उपयुक्त समूह र संयन्त्रको पहिचान गर्न सकिएन भने यसले असशक्तिकरण र प्रत्युत्पादक उपलब्धि हुन सक्छ । र सहभागिता अर्थहिन भएर जान्छ । तसर्थ नागरिक संग्लनता निम्न मान्यतामा आधारित रहनु पर्दछ ।




## ७. नागरिक संलग्नताका सिद्धान्तहरुः

नागरिक संलग्नताको मर्म बुझ्न, नीति र योजना बनाउन र सफलतापूर्वक नागरिक सरकार रचनात्मक संलग्नताको अभ्यास गर्न निम्न सिद्धान्तहरुलाई आत्मसात गर्नुपर्छ:

क. समावेशिता **(Inclusivity):** विविध कारणले मूलधारवाट बाहिरिएकाहरुलाई समाबेश गर्ने, समस्याको विविध पक्षहरुलाई ध्यान दिने ।
ख. विविधता **(Diversity):** समुदायका प्रत्येक मानिसको दृष्टिकोण, अवस्था र रुचिलाई सम्बोधन ।
ग. समानता **(Equality) :** निर्णय प्रकृयामा मुख्य व्यक्ति वा सानो समूह हावी भएको अवस्था । प्रत्येकलाई योगदान गर्न, निर्णय लिन र लाभमा सहभागिताको समान अवसर ।
घ. पारदर्शिता **(Transparency) :** परियोजनाका जानकारीहरु कसैको खल्तीको विषय हुनु भएन । परियोजनाको परिकल्पना गर्ने, संचालन गर्ने, लाभ लिने तथा प्रभावित हुने सबैको परियोजना प्रतिको एकनास बुझाई हुनु । परियोजनाले सम्प्रेषण गर्ने जानकारीहरुमा निरन्तरता र एकरुपता कायम रहनु ।
ङ. वैधता **(Legitimacy) :** निर्णय नलादिएको अवस्था, कानुनी विधि तथा प्रकृया मात्र पूरा नगरी सबै सरोकारवालाहरुले स्वीकार गरेको र सहभागी भएको अवस्था ।
च. विचार विमर्श **(Deliberation) :** आफ्ना मुद्धाहरुलाई प्रवर्द्धन गर्न खुला छलफल गर्न सकिने अवस्था, विविध पक्षहरुका मुद्धाहरुमा प्राथमिकिकरण तथा छलफलबाट सहमती र निकास, समूहहरु विच उच्च स्तरको विश्वास र सहकार्यको आधार सिर्जना ।
छ. सार **(Substance) :** छलफल र समहतीबाट नयाँ सिकाई तथा नतिजाको उपलब्धि ।
ज. प्रभाव **(Influence) :** स्थानीय मुद्दाहरुमार्फत राज्यको नीतिलाई प्रभाव पार्ने, शुरु अवस्थावाट नै सरोकारवालाहरुको सहभागिता ।
झ. निरन्तर **(On-going) :** स्थानीय परिवेश अनुसार, स्थानीय आवश्यकता र संभावनाका परियोजनाहरुलाई निरन्तरता ।
ञ. समायोजित **(Accommodating) :** समुदायलाई पायक पर्ने स्थान र समय अनुसारको योजना ।

## ८. नागरिक संलग्नताका विधिहरु:

क. नागरिक संलग्नता योजना: कुनै पनि नागरिक संलग्नताको योजना तयार गर्दा सवालको उठानदेखि लिएर खुल्ला सूचना प्रणाली कायम गर्ने सम्मका कार्यहरु योजनामा समेटिनु पर्दछ । जसलाई निम्न ८ वटा पाईलाअन्तर्गत चरणबद्ध तरिकाले कार्यान्वयन गर्नुपर्दछ ।

१. सवाल र समस्याको उजगार

२. नागरिक संग्लनताको उद्देश्य र परिमाण

३. नागरिक संग्लनताको तरिका/उपायको पहिचान

४. संलग्न गराउनु पर्ने नागरिकको पहिचान

५. सहभागीको निरन्तरताको लागि योजना

६. सकारात्मक वातावरणको निर्माण

७. मूल्याङ्कन मापदण्डको निर्माण

८. खुला सूचना प्रणाली कायम

ख. नागरिक संलग्नताका तरिकाहरु: सरकारबाट गरिने विविध कार्यमा (नीति, निर्माण, वजेट निर्माण, खर्च व्यवस्थापन, कार्यक्रम निर्माण आदि) नागरिक संग्लनता विविध तहको हुन सक्छ । आदर्शतम अवस्थामा कुनै पनि कार्यमा नागरिकहरुको संग्लनता भन्नाले विचार निर्माण देखि कार्यान्वयनसम्म र कुनै पनि विचारलाई स्वीकार वा अस्वीकार गर्न सक्ने अधिकार नागरिकमा रहेको जनाउँछ ।

## ९. संलग्नताको विविध तरिका र मात्रा यस प्रकारका हुन सक्छन्:

| कार्य | प्रविधि |
|---|---|
| १. सूचित गर्नु | आम संचार (टि.भि, रेडियो, प्रिन्ट, मिडिया) नागरिक वडापत्र, बोर्ड, नयाँ संचार (वेव साइट/मोवाइल), आमने सामने बैठक |
| २. सल्लाह लिनु | लक्षित समूह छलफल, नागरिक सर्वेक्षण, विशेषज्ञ समूह, खुला बैठक |
| ३. संलग्न गर्नु | नागरिक सामिप्य केन्द्र, कार्यशाला गोष्ठी, गुणात्मक अन्तवार्ता, टोल विकास संस्थाहरु, नागरिक सचेतना केन्द्र |
| ४. साझेदार बनाउनु | नागरिक सल्लाह समिति निर्माण, सहभागितात्मक निर्णय |
| ५. सशक्तिकरण | सहभागितात्मक योजना, क्षमता विकास तथा अभिमुखीकरण, लक्षित कार्यक्रम, सहभागितात्मक सिकाई र कार्य आदि । |

## १०. नागरिक संग्लनताका चुनौतिहरु:

- सरकारप्रति सिमित विश्वास
- राजनितिक हिचकिचाहट/अनिच्छा
- संलग्नताको लागि सिमित क्षमता
- प्रतिवद्धताको कमि